# नेपाल विद्युत प्राधिकरण

## प्रधान कार्यालय

## नियुक्तिपत्र बुझ्न आउने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८२/११/२६)

नेपाल विद्युत प्राधिकरणबाट खुला तथा आन्तरिक प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्न प्रकाशित निम्नलिखित बिज्ञापन अनुसारका अधिकृतस्तरका पदहरुको अन्तिम नतिजा प्रकाशन एवं सिफारिस सम्बन्धी बिस्तृत सूचना नेपाल विद्युत प्राधिकरणको वेबसाइट www.nea.org.np मा राख्नुको साथै कार्यालयको सूचना पाटीमा समेत टाँस गरी सकिएको ब्यहोरा अनुरोध छ।

सम्मानित सर्वोच्च अदालतबाट अर्को आदेश नभएसम्मको लागि मिति २०८२/०९/१३ मा प्रकाशित **सिफारिस एवं नियुक्तिपत्र बुझ्न आउने सम्बन्धी सूचना** बमोजिमको नियुक्ति दिने काम कारवाही अगाडि नबढाई यथास्थितिमा राख्न मिति २०८२/०९/२० मा अल्पकालिन अन्तरिम आदेश जारी भएकोमा सोहि अदालतबाट मिति २०८२/११/२५ मा उक्त रिट खारेज हुने भनी आदेश/फैसला गरेकोले बढुवा/नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुलाई नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कर्मचारी प्रशासन शाखा, दरबारमार्ग काठमाडौंमा तपसिलमा उल्लिखित मिति र समयमा देहायका उल्लिखित कागजातसहित (आन्तरिकका हकमा आवश्यक नपर्ने) नियुक्तिपत्र बुझ्न आउनुहुन सूचित गरिन्छ।

**नियुक्ति पत्र दिइने मिति र समयः (२०८२।११।२७ गते बुधवार, दिनको २:०० बजे)**

| क्र.सं. | बढुवा सूचना नं. / बिज्ञापन नं. (२०८१/८२) | तह | पद | सेवा | समूह/उपसमूह | किसिम |
|---|---|---|---|---|---|---|
| १. | प्रा.८/आ.प्र.६ | ८ | सहायक प्रबन्धक | प्राविधिक | ईलेक्ट्रिकल/ईलेक्ट्रिकल | आन्तरिक |
| २. | प्रा.८/४ | ८ | सहायक प्रबन्धक | प्राविधिक | ईलेक्ट्रिकल/ईलेक्ट्रिकल | खुला तथा समावेशी |
| ३. | प्रा.८/आ.प्र.७ | ८ | सहायक प्रबन्धक | प्राविधिक | मेकानिकल | आन्तरिक |
| ४. | प्रा.८/आ.प्र.८ | ८ | सहायक प्रबन्धक | प्राविधिक | कम्प्यूटर ईञ्जिनियरिङ | आन्तरिक |

१. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (१ प्रति)।
२. निरोगिताको प्रमाणपत्र (नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली २०७५ को अनुसूची-१० बमोजिमको ढाँचामा।
३. परिचय खुल्ने कागजात (प्रवेशपत्र वा नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने परिचयपत्र)।
४. नोटरी पब्लिकबाट प्रमाणित गरिएको सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि १/१ प्रति।
५. स्थायी लेखा नम्बर (PAN) परिचयपत्रको प्रतिलिपि।
६. राष्ट्रिय परिचय पत्र नं. को प्रतिलिपि।

**पुनश्चः** बढुवा/नियुक्ति हुने उम्मेदवारहरुको Induction Training मिति २०८२/११/२८ गते देखि नेपाल विद्युत प्राधिकरण, तालिम व्यवस्थापन विभाग, खरिपाटी, भक्तपुरमा सञ्चालन हुनेछ।